# National News

## October 30, 2024

प्रमुख समाचार:

1. प्रधानमन्त्री आजदेखि गुजरातको दुईदिने भ्रमणमा
2. भारत-चीन वास्तविक नियन्त्रण रेखा सम्झौतासँग सम्बन्धित घटनाक्रमलाई आफूले नजिकबाट नियालिरहेको अमेरिकाको भनाइ
3. पूर्वी लद्दाखको देप्साङ र डेमचोक क्षेत्रमा तनाव कम गर्ने प्रक्रिया पूरा
4. वाणिज्य तथा उद्योगमन्त्री भविष्य लगानी पहल सम्मेलनमा सहभागी हुन साउदी अरबको रियाद प्रस्थान
5. रेलवेद्वारा दिपावली पर्वमा यात्रुको भीडलाई ध्यानमा राख्दै, अतिरिक्त रेल सञ्चालित

## PM-Gujarat

प्रधानमन्त्री श्री नरेन्द्र मोदी आजदेखि दुई दिने गुजरात भ्रमणमा हुनुहुन्छ। उहाँले एकतानगरमा २८० करोडभन्दा बढी लागतका विभिन्न पूर्वाधार र विकास परियोजनाको शिलान्यास गर्ने कार्यक्रम छ। यी परियोजनाहरूले यस क्षेत्रको पर्यटन विस्तार र पर्यटकहरूका सुविधामा सुधार गर्ने लक्ष्य राखेका छन्। श्री मोदीले आरम्भ पाठ्यक्रमका छैठौं चरणमा निनब्बेऔँ साझा स्थापना पाठ्यक्रमका अधिकारी प्रशिक्षार्थीहरूलाई पनि सम्बोधन गर्नुहुनेछ। यस वर्षको पाठ्यक्रमको विषय आत्मनिर्भर र विकसित भारतको रूपरेखा रहेको छ। यस पाठ्यक्रममा भारतका १६ र भुटानका तीन निजामती सेवाका ६५३ अधिकारी सहभागी हुनेछन्।

## America-LAC

अमेरिकाले भारत-चीन वास्तविक नियन्त्रण रेखा, LAC सम्झौतासँग सम्बन्धित घटनाक्रमलाई नजिकबाट नियालिरहेको बताएको छ। हिजो सञ्चरमाध्यमसँग कुरा गर्दै, विदेश विभागका प्रवक्ता श्री म्याथ्यू मिलरले यो टिप्पणी गर्नुभएको हो। जून २०२० मा गलवान उपत्यकामा भारतीय र चिनियाँ सेनाबीच झडप भएपछि LAC मा दुई देशबीच तनावपूर्ण सैन्य गतिरोध भएको छ। LAC गस्ती सम्झौता हालै रूसका कजानमा भएको 16 औँ ब्रिक्स शिखर सम्मेलनको अघि घोषणा गरिएको थियो। सम्मेलनमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति श्री सी जिनपिङको सहभागिता रहेको थियो।

## INDIA-CHINA DISENGAGEMENT

पूर्वी लद्दाखको देप्साङ र डेमचोक क्षेत्रमा तनाव कम गर्ने प्रक्रिया पूरा भएको छ। वास्तविक नियन्त्रण रेखा, LAC  मा साढे चार वर्षसम्म चलेको सैन्य गतिरोधपछि भारत र चीनबीचको तनाव कम गर्ने प्रक्रिया पूरा भएको छ। सेना स्रोतका अनुसार स्थानीय कमाण्डर स्तरमा वार्ता जारी रहने र छिट्टै सिमानामा गस्ती सुचारु हुनेछ। यस क्षेत्रमा सामान्य सामान्य स्थिति बनाउने दिशामा यो एक महत्त्वपूर्ण कदम हो। प्रमाणीकरणको काम भइरहेको र ग्राउन्ड कमाण्डरहरूबीच गस्तीको तौरतरिका टुङ्गो तय गरिने स्रोतले जनाएको छ। हाम्रा संवाददाताका अनुसार यही महिनाको २२ तारिखदेखि दुवै सेनाले देप्साङ र डेम्चोक क्षेत्रमा रहेका अस्थायी शिविर र संरचनाहरू भत्काएका छन्। सम्झौताअनुसार भारत र चीनले संवेदनशील क्षेत्रमा गस्ती गर्दा अग्रिम सञ्चार गर्न सहमति जनाएका छन्। भोलि दिपावलीका अवसरमा दुवै पक्षले मिठाई आदानप्रदान गर्ने भारतीय सेना स्रोतले जनाएको छ।

## Piyush Goyal

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयल रियादमा सम्पन्न हुने भविष्य लगानी पहलको 8 औँ संस्करणमा सहभागी हुनुहुनेछ। यस सम्मेलनले विश्वभरिका नेताहरू, लगानीकर्ता र विचारकहरूलाई एकै मञ्चमा ल्याउनेछ। उहाँ यस महत्त्वपूर्ण भ्रमणका लागि आज साँझ रियाद पुग्नुभयो। उहाँको यो भ्रमण भारत र साउदी अरेबियाबीचको साझेदारीलाई प्रगाढ बनाउने महत्त्वपूर्ण कदम हो। श्री गोयलले भोलि उच्चस्तरीय बैठक र कार्यक्रममा भाग लिनुहुनेछ। उहाँको यस भ्रमणले आर्थिक, सांस्कृतिक र सामुदायिक सम्बन्धका साथै भारतीय प्रवासीहरूको संलग्नतालाई सुदृढ पार्न भारतको प्रतिबद्धतालाई पुन: पुष्टि गर्दछ। श्री गोयलले भारतीय दूतावासमा एक जिल्ला एक उत्पादन, ODOP पर्खालको पनि उद्घाटन गर्नुहुनेछ।

## Special Rail Service

दिपावली र छठ पूजाका पर्वमा यात्रुको भीडलाई ध्यानमा राख्दै भारतीय रेलवेले हजारौँ विशेष रेलहरू सञ्चालन गर्दै छ। यात्रुको सुविधाका लागि गत वर्षका तुलनामा यस वर्ष रेलवेले साढे दुई हजार अतिरिक्त रेल सञ्चालन गरिरहेको छ। भर्खरै रेल मन्त्री श्री अश्विनी वैष्णवले गत वर्ष सञ्चालित साढे चार हजार रेलका तुलनामा यस वर्ष विशेष रेलको संख्या बढाएर सात हजार पुऱ्याइएको घोषणा गर्नुभयो। यी विशेष रेलबाट दैनिक दुई लाख अतिरिक्त यात्रुले यात्रा गर्न सक्ने उहाँले जानकारी दिनुभयो। रेलवे स्टेशनहरूमा हुने सुविधाबारे, उत्तर रेलवेका प्रमुख जनसम्पर्क अधिकारीले रेलवेले भीडलाई व्यवस्थित गर्न धेरै व्यवस्था गरेको  र कुनै अप्रिय घटना हुन नदिन आरक्षित र अनारक्षित यात्रुका लागि छुट्टाछुट्टै प्रवेशद्वार बनाइएको जानकारी दिनुभयो। यसपटक सुरक्षाकर्मीको संख्या पनि ३० प्रतिशतले बढाइएको छ।

## Health Minister-Ekta Diwas

केन्द्रीय स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा विश्व एकता दिवस २०२४ का पूर्वसन्ध्यामा एकताको शपथग्रहण गराउनुभयो। स्वास्थ्य राज्यमन्त्री श्री प्रतापराव जाधव, स्वास्थ्य सचिव श्री पुण्य सलिला श्रीवास्तव र वरिष्ठ अधिकारीहरूले शपथ लिनुभयो। विश्व एकता दिवस प्रत्येक वर्ष ३१ अक्टोबरमा सरदार वल्लभभाई पटेलका जन्मजयन्तीमा मनाइन्छ। कार्यक्रमको उद्देश्य सरदार वल्लभभाई पटेलको विरासतलाई सम्मान गर्नु हो, जसको दूरदृष्टि र नेतृत्वले राष्ट्रलाई एकतामा बाँध्न महत्त्वपूर्ण भूमिका खेलेको थियो। यस अवसरमा श्री नड्डाले एक भारत श्रेष्ठ भारत-को जग, सरदार वल्लभभाई पटेलले राखेको बताउनुभयो अनि एकीकृत र प्रगतिशील समाजका प्रवर्धनमा राष्ट्रिय एकताको महत्त्व रहेका कुरामा जोड दिनुभयो। श्री नड्डाले हाम्रा कार्य र नीतिहरूले समावेशीता र विविधताको भावनालाई प्रतिबिम्बित गरेको सुनिश्चित गर्नु हाम्रो सामूहिक जिम्मेवारी हो भन्नुभयो।

## Home Secretary-NDRF

केन्द्रीय गृह सचिव श्री गोविन्द मोहनले आज नयाँ दिल्लीमा शहीद स्मृति समारोहका अवसरमा शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै, राष्ट्रिय प्रकोप रोकथाम बल, NDRF ले पछिल्ला एक वर्षमा नौ सयभन्दा बढी उद्धारकार्य सफलतापूर्वक सञ्चालन गरेको र तीन हजारभन्दा बढी मानिसहरूलाई बचाएको जानकारी दिनुभयो। श्री मोहनले भन्नुभयो, NDRF नागरिकहरूको विश्वासको प्रतीकका रूपमा देखा परेको छ। गृह सचिवले उत्तराखण्ड, वायनाड, आन्ध्र प्रदेश र सिक्किममा आपतकालिन समयमा NDRF ले देखाएको बहादुरी र सक्रियतालाई उल्लेख गर्नुभयो अनि शहीदहरूको वीरता र प्रतिबद्धतालाई देशले सधैँ सम्झिरहने बताउनुभयो।

## Reserve Bank

भारतीय रिजर्भ ब्याङ्कले हिजो अप्रेलदेखि सेप्टेम्बर 2024 सम्मको विदेशी विनिमय सञ्चिति, MFER का व्यवस्थापनसम्बन्धी आफ्नो 43 औँ अर्धवार्षिक रिपोर्ट प्रकाशित गऱ्यो। प्रतिवेदन अनुसार, अक्टोबर 18, 2024 सम्मको विदेशी मुद्रा सञ्चितिका स्थितिमा, भारतसँग कुल 688.27 बिलियन अमेरिकी डलर- विदेशी मुद्रा सञ्चिति रहेको छ। त्यसमध्ये ५९८.२४ अमेरिकी डलर- विदेशी मुद्रा सम्पत्ति, ६७.४४ अमेरिकी डलर- सुन, १८.२७ अमेरिकी डलर- विशेष रेखाङ्कित अधिकार, SDR र ४.३२ अमेरिकी डलर- रिजर्भ ट्रान्श

पजिसन, RTP रहेको छ। फेब्रुअरी २००४ मा, रिजर्भ ब्याङ्कले देशको विदेशी मुद्रा सञ्चितिको व्यवस्थापन सम्बन्धमा थप पारदर्शिता ल्याउन र खुलासाको स्तर बढाउन अर्धवार्षिक प्रतिवेदनहरू सङ्कलन गरी सार्वजनिक डोमेनमा राख्ने प्रक्रिया सुरु गरेको थियो।

## Badminton Open

आज जर्मनीमा हुने हाइलो ओपन ब्याडमिन्टन प्रतियोगितामा भारतीय खेलाडीहरूले निकै रोमाञ्चक खेल खेल्नेछन्। पुरुष एकलमा भारतका आयुष शेठीले फिनल्याण्डका जोकिम अल्डोर्फ र एस. शंकर मुथुसामी सुब्रमण्यमले इंग्ल्याण्डका ह्यारी ह्वाङको सामना गर्नेछन्। भारतका सतीश कुमार र चिराग सेन आमनेसामने हुनेछन् भने, थारुण मान्नेपल्लीले रोमानियाका कोलिन्स भ्यालेन्टिन फिलेमोनसँग खेल्नेछन्। महिला एकलमा केयुरा मोपाटीले राउण्ड अफ ३२ मा डेनमार्ककी अन्ना सिस राइबर्गको सामना गर्नेछिन्।

## Tennis

भारतका रोहन बोपन्ना र अष्ट्रेलियाका म्याथ्यु एब्डेन गएराति पेरिस मास्टर्स टेनिस प्रतियोगिताको पुरुष युगलका क्वाटरफाइनलमा पुगेका छन्। बोपन्ना र एब्डेनको जोडीले प्रि-क्वार्टरफाइनलमा जर्मनीका अलेक्जेन्डर जुरेभ र ब्राजिलका मार्सेलो मेलोलाई ६-७, ७-६ को सोझो सेटमा हरायो। यसका साथै बोपन्ना र एब्डेनको जोडीले नोभेम्बर १० मा इटालीमा हुने एटिपी प्रतियोगिताका फाइनलमा पनि आफ्नो स्थान पक्का गरेको छ। बोपन्ना र एब्डेनको जोडीले पेरिस मास्टर्स टेनिस प्रतियोगिताको राउण्ड अफ ३२ बाट अमेरिकाका नथानियल लेमोन्स र ज्याक्सन विथरो बाहिरिएपछि फाइनलमा स्थान पक्का गरेको हो। बोपन्नाको यो एटीपी फाइनल चौथो पटक हुनेछ।